**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**
**BROADCAST: 18:40 hrs** **Date: 05.04.2024**

**ईलेक्सन एसकेएम क्यापेङ**

सत्तारूढ़ सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम पार्टीले आज एघारौं विधानसभा र अठारौं लोकसभा चुनाउका लागि पार्टीको घोषणापत्र जारी गर्यो।

सोरेङ जिल्ला अन्तर्गत च्याखुङ खेल मैदानमा आयोजित विजय भवः जनसभामा पार्टी अध्यक्ष तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामङले घोषणापत्र जारी गर्नुभयो। 2012 सालमा अस्तित्वमा आएको सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको यो तेस्रो चुनाउ घोषणा पत्र हो छन्पन्न पृष्ठको घोषणापत्रमा सिक्किम र सिक्किमेको समृद्धि, स्वाभिमान, सशक्तिकरण र सुशासन प्रमुख बुँदाहरू छन्। स्वास्थ्य, र शिक्षा जस्ता महत्वपूर्ण विषयहरूलाई पनि यसमा प्राथमिकता दिइएको छ।

आज घोषणापत्रसँगै गोलेको नौ ग्यारेन्टी, पुस्तिकाको पनि लोकार्पण गरियो।

2024 सालको चुनाउ घोषणापत्रमा 2035 सालसम्ममा सिक्किमलाई अठार बिलियन डलर अर्थव्यवस्थामा पुर्याउने दाबी गरिएको छ।

सरकारी नोकरीमा महिलाहरूका लागि पचास प्रतिशत आरक्षण अनि स्नातक र डिप्लोमा धारक युवाहरूलाई रोजगार नपाएसम्म प्रतिवर्ष साठी हजार रूपियाँको आर्थिक सहयोग प्रदान गर्ने विषयहरू पनि घोषणापत्रमा सामेल छन्।

च्याखुङको विजय भवः जनसभाबाट नै चुनाउ प्रचारको शङ्खघोष गर्दै एसकेएम अध्यक्ष तथा मुख्यमन्त्री श्री तामङले आफ्नो सरकारको पहिलो कार्यकालमा प्रतिकूल परिस्थितिहरूवीच पनि राज्यवासीहरूको हितलाई ध्यानमा राखेर सबै प्रतिज्ञा पूरा गरिएको दावी गर्नुभयो।

यस अवसरमा पार्टीका लोकसभा उम्मेदवार तथा सांसद श्री इन्द्रहाङ सुब्बा दरमदिन समष्टिका प्रत्याशी श्री एम एन शेर्पा, जूम सालघारीका उम्मेदवार श्री मदन सिञ्चुरी र रिञ्चेनपोङका प्रत्यासी श्री इरूङ छिरिङ लेप्चाको पनि उपस्थिती थियो।

**ईलेक्सन क्यामपेङ एसडिएफ**

अर्कोतिर दक्षिण सिक्किमको नाम्थाङ रातेपानीमा आज जनतालाई सम्वोधन गर्दै विपक्षी सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ पार्टीका लोकसभा उम्मेदवार तथा पूर्व सांसद श्री पी डी राईले भन्नुभयो सिक्किम र सिक्किमे जनताका हक र अधिकारको सुरक्षा एसडिएफ पार्टीको एकमात्र राजनीतिक कार्यक्रम हो।

उहाँले भन्नुभयो एसडिएफ अनुशासित र जनपक्षीय पार्टी भएकाले पार्टी जनताको शान्ति र सुरक्षाका लागि प्रतिबद्ध छ।

यस अवसरमा बोल्दै क्षेत्रका पार्टी प्रत्याशी श्री सुमन प्रधानले भन्नुभयो युवाहरूलाई आत्मनिर्भर बनाउन रोजगार योजना तयार पारिनेछ।

वक्तव्यको क्रममा पार्टीका अन्य सदस्यहरूले एसडिएफ को नीति, सिद्धान्त र कार्यक्रमहरूबारे प्रकाश पारे।

### ईलेक्सन क्याम्पेङ क्याप(CAP)

सिटिजन एक्शन पार्टी, सिक्किमले पनि विभिन्न जिल्लामा तीव्र गतिमा चुनाउ प्रचार गरिरेहेछ।

सुधारका तमाम मुद्दाहरूबारे चर्चा गर्दै पार्टीले राज्यमा आर्थिक सामाजिक र राजनीतिक सुधार आवश्यक रहेको बताएको छ।

आफ्नो वक्तव्यमा पार्टीका लोकसभा उम्मेदवार श्री भरत बस्नेतले सिक्किमका पुराना कानुहरूलाई प्राथमिकता दिनुपर्ने आवश्यकतामाथि जोड़ दिँदै चुनाउमा आफु विजय भएको खण्डमा राज्यमा कसैलाई अन्याय हुन नदिनका लागि समग्र सिक्किमेहरूको हितमा काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको छ।

पश्चिस सिक्किमको योक्सम टाशीडिङ गुम्पा फाटक नजीकै आज आयोजित जनसभामा बल्दै उहाँले भन्नुभयो राज्यवासीहरूको थाँतीमा रहेका मामिलाहरूको समाधान गर्नमा विशेष ध्यान दिइनेछ।

सभामा बोल्दै पार्टीको मुख्यमन्त्री पदका उम्मेदवार श्री गणेष कुमार राईले पार्टीका लागि सिक्किम र सिक्किमेहरूको हित सर्वोपरी रहेको कुरो बताउनुभयो।

योक्सम टासीडिङका उम्मेदवार श्री जिग्मी भोटियाले पनि सभालाई सम्वोधन गर्नुभयो।

यसैक्रममा विभिन्न राजनीतिक पार्टी उम्मेदवारहरूले आ आफ्ना क्षेत्रमा चुनाउ प्रचार गरिरहेछ।

### होम भोटिङ गेजिङ

मतदाताहरूलाई प्रजातान्त्रिक  प्रक्रियामा पूर्ण रूपले सहभागी बनाउने भारतको निर्वाचन आयोगको एउटा महत्वपूर्ण पहल गृह मतदान अर्थात होम भोटिङ प्रक्रिया राज्यमा आरम्भ भएको छ।

गेजिङ जिल्लाका मतदान टोलीहरूले आज सम्बन्धित क्षेत्र मजिस्ट्रेटहरूको देखरेखमा घर घर भ्रमण गरे।

जिल्लाका जम्मा एक सय अठात्तरजना मतदाताहरूले गृह मतदान सुविधाको उपभोग गरे।

यीमध्ये छ्यानब्बेजना पचासी वर्षभन्दा बढ़ी उमेरका र बयासीजना दिब्याङ्ग वर्गका छन्।

### होम भोटिङ पाक्योङ

पाकिम जिल्लाका पाँच समष्टिबाट गृह मतदान गर्ने  तीन सय चालिसजना  मतदाताहरूमध्ये एकसय चौरानब्बेजना पचासीवर्ष भन्दा अधिक उमेरका वरिष्ट नागरिकहरू र एकसय छ्यालिसजना दिब्याङ्ग छन्।

जिल्लामा हिजोदेखि शुरू भएको यो प्रक्रिया सोह्र अप्रेलमा सम्पन्न हुनेछ।

**गान्तोक होम भोटिङ**

गान्तोक जिल्लामा पनि बुर्तुक स्थित जिल्ला शिक्षा तथा प्रशिक्षण संस्थान डाइट(DIET) को प्रेक्षागृहमा विभिन्न राज्नीतिक पार्टीका प्रतिनिधिहरूको उपस्थितीमा हेम भोटिङ टोलीलाई मतदान सामग्रीहरू उपलब्ध गराइयो।

जिल्लामा यो प्रक्रिया आगामी सोमवार आठ अप्रेलसम्म चल्नेछ।

**मंगन होम भिटोङ**

मंगन जिल्लामा पनि आज जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री हेम कुमार छेत्रीको मार्गदर्शनमा जिल्ला अधिनका तीनवटा समष्टि कावी लुङचोक, जंगु र लाचेन मंगनमा गृह सतदानका सामग्रीहरू पठाउने कार्य भयो।

**नाम्ची होम भोटिङ**

नाम्ची जिल्लामा पनि गृह मतदान प्रक्रिया चलिरहेछ।

यसैवीच जिल्ला अधिनका बर्फुङ, पोकलोक कामराङ, नाम्थाङ रातेपानी र संघ विधानसभा क्षेत्रका  लागि इलेक्ट्रोनिक भोटिङ मशिन र भिभिपेट खड़ा गर्ने कार्य आज सम्पन्न भयो।

यस अवसरमा जिल्ला निर्वाचन अधिकारी श्रीमती अन्नपूर्ण आले, अन्य अधिकारीहरू र राजनीतिक पार्टीहरूका चुनाउ एजेन्टहरूको उपस्थिती थियो।

रहल निर्वाचन क्षेत्रहरूका लागि ईभिएम र भिभिपेट राख्ने कार्य भोलि गरिनेभएको छ।

मगंन जिल्ला अन्तर्गत कावी लुङचोक र लाचेन मगंन समष्टिका लागि ईभिएम र भिभिपेट खड़ा गर्ने काम आज गरियो भने भोलि र पर्सी जंगू क्षेत्र संघ र संसदीय समष्टिका निम्ति ईभिएम र भिभिपेट राखिनेछ।